नेपाल सरकार

तथा

इजरायल राज्यको सरकार

बीच

कूटनैतिक राहदानी बाहकलाई प्रवेशाज्ञाको आवश्यकताबाट उन्मुक्ति सम्बन्धी

सम्झौता

नेपाल सरकार तथा इजरायल राज्यको सरकार (यस पछि "पक्षहरु" भनिएको);

दुई राष्ट्रहरुबीच पहिलेदेखि नै रही आएको मैत्रीपूर्ण सम्बन्धलाई उजागर तथा थप विकास गर्ने अपेक्षा गर्दै;

दुई राष्ट्रका कूटनैतिक राहदानी वाहकको यात्रामा हुने प्रक्रियालाई सहज गर्ने इच्छा गर्दै;

देहायका कुराहरुमा सहमत भएका छन्:

धारा १

कुनै एक राष्ट्रको कूटनैतिक राहदानी वाहक नागरिकले अर्को राष्ट्रको भूमिमा वढीमा नब्वे (९०) दिनसम्मको लागि प्रवेश गर्न वा वस्नका लागि प्रवेशाज्ञा लिनु पर्ने दायित्वबाट उन्मुक्ति पाउनेछन् ।

धारा २

कुनै एक राष्ट्रको कूटनैतिक राहदानी वाहक नागरिकले अर्को राष्ट्रको भूमिमा नब्वे (९०) दिनभन्दा वढी वस्ने मनसाय प्रकट गरेमा प्रस्थान गर्नु अघि नै प्रवेशाज्ञा लिनु पर्नेछ ।

धारा ३

कुनै एक राष्ट्रको कूटनैतिक राहदानी बाहक नागरिक अर्को राष्ट्रमा कूटनैतिक वा कन्सुलर कर्मचारीको सदस्यको रुपमा आधिकारिक जिम्मेवारी बहन गर्न अर्को पक्षको भूमिमा बस्दै आएको भएमा निजका साथै उनको गृहस्थीको भाग भई बसेका परिवारको सदस्यहरुले समेत प्रवेश गरेको मितिले तीस (३०) दिनभित्र प्रवेशाज्ञा लिनु पर्नेछ । यस धारामा लेखिएको प्रवेशाज्ञा निजहरुको कार्यको अवधिभरलाई मान्य रहनेछ ।

धारा ४

राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा जनस्वास्थ्यको आधारमा यस सम्झौता अन्तर्गत प्रवेशाज्ञा उन्मुक्ति प्राप्त गर्ने अर्को राष्ट्रको कुनै पनि नागरिकको प्रवेश इन्कार गर्ने वा बदर गर्ने वा बसाईको अवधि छोट्याउने अधिकार दुवै पक्षको सक्षम अधिकारीमा निहित रहनेछ ।

धारा ५

एक राष्ट्रको भूमिमा प्रवेश गर्ने अर्को राष्ट्रको कुनैपनि नागरिकले त्यो राष्ट्रको भूमिमा रहुन्जेल आफ्नो बसाईभर यो सम्झौता बमोजिम सो राष्ट्रको कानून तथा नियमको पालना गर्नुपर्नेछ ।

धारा ६

दुवै पक्षहरुको सहमतिमा यस सम्झौतालाई संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधन यो सम्झौताको धारा ९ मा उल्लिखित प्रक्रिया बमोजिम लागू हुनेछ ।

धारा ७

पक्षहरु बीच यो सम्झौताको व्याख्या वा कार्यान्वयन सम्बन्धी कुनै विवाद उत्पन्न भएमा आपसी सल्लाह तथा वार्ता मार्फत समाधान गर्नु पर्नेछ ।

धारा ८

१. पक्षहरुले यो सम्झौता लागू हुनुभन्दा कम्तीमा तीस (३०) दिन अगावै कुटनैतिक माध्यम मार्फत आ-आफ्नो मान्यताप्राप्त राहदानीको ढाँचा (स्पेसिमेन) आदान-प्रदान गर्नु पर्नेछ ।

२. एक पक्षले नयाँ राहदानी जारी गरेमा वा आदान-प्रदान गरिसकेको राहदानी परिवर्तन गरेमा नयाँ राहदानी वा परिवर्तन गरिएको राहदानी लागू भएको तीस (३०) दिनभित्र कूटनैतिक माध्यम मार्फत त्यस्तो नयाँ राहदानी वा भइरहेको राहदानीमा गरिएको परिवर्तनका बारेमा अर्को पक्षलाई जानकारी गराउनु पर्नेछ । सूचनामा नयाँ वा परिवर्तित कागजात तथा त्यसको प्रयोग सम्बन्धी जानकारी पनि संलग्न गर्नु पर्नेछ ।

धारा ९

१. यस सम्झौता लागू गर्नको लागि आन्तरिक कानूनी कार्यविधि पूरा भएको कुराको सूचना कूटनैतिक पत्रबाट दुवै पक्षहरुले एक अर्कालाई दिए पश्चात दोस्रो पत्र प्राप्त भएको दिनको नब्बे (९०) दिनबाट लागू हुनेछ । यो सम्झौता प्रत्येक एक वर्षको अवधिको लागि स्वत: थप हुनेछ ।

२. यो सम्झौता कुनै एक पक्षले अर्कोलाई बदर गर्न चाहेको मितिको नब्बे (९०) दिन अगावै कूटनैतिक पत्र मार्फत बदर गर्ने मनसाय सम्बन्धी जानकारी नगराएसम्म लागू हुनेछ ।

यो सम्झौता सम्बन्धित सरकारले अधिकार दिएका व्यक्तिहरुको उपस्थितिमा हस्ताक्षर गरियो ।

ईजरायलको जेरुसेलममा वि.सं २०७७ भाद्र ४, तदनुसार २०२० अगस्ट २० को दिन हिब्रु, नेपाली र अङ्ग्रेजी भाषाका दुई प्रतिहरुमा हस्ताक्षर सम्पन्न भयो । सबै प्रतिहरु समान रुपमा आधिकारिक छन् । व्याख्याको क्रममा अर्थमा भिन्नता भएमा अङ्ग्रेजी प्रति लागू हुनेछ ।

.....

इजरायल राज्यको सरकारको तर्फबाट

.....

नेपाल सरकारको तर्फबाट